# घ वर्ग निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविधि

# २०७५

कार्यपालिकाबाट स्वीकृत मितिः- २०७५।०२।२१

कार्यविधि संख्याः-

प्रथम संशोधन मितिः- २०८१/०७/१२

आठराई त्रिवेणी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नं. प्रदेश, नेपाल



Scanned with OKEN Scanner

# घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधी

प्रस्तावना

स्थानीय स्तरको विकास निरम्णमा निजी क्षेत्रको ज्ञान र विशेषज्ञताको उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभुत विशेषताहरुलाई अक्षुण राखि सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता स्वच्छता ईमान्दारिता जवाफदेहिता विश्वसनियता तथा भदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्देश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजीक्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को छ १० बमोजिमको जिम्मेवारी पुरा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यस आठराई त्रिवेणी गाउँकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद -१ प्रारम्भिक

१. संक्षिप्त नाम र प्राम्भः- (१) यस कार्यविधिको नाम आठराई त्रिवेणी गाउँपालिकाको घ वर्गका निर्माण व्यवसाय ईजाजत तथा नियमन सम्बन्धी २०७५ रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषाः- विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. गाउँपालिका भन्नाले आठराई त्रिवेणी गाउँपालिका सम्झनुपर्छ ।

ख. गाउँकार्यपालिका भन्नाले आठराई त्रिवेणी गाउँकार्यपालिका सम्झनु पर्छ ।

ग. प्रमुख प्रशासकीय अधिकृत भन्नाले यस आठराई त्रिवेणी गाउँकार्यपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

घ. ऐन भन्नाले निर्माण व्यवसायी ऐन संशोधित २०५५ लाई सम्झनु पर्छ ।

ङ. नियम भन्नाले निर्माण व्यवसायी नियमावली संशोधित २०५६ सम्झनुपर्छ ।

च. आर्थिक वर्ष भन्नाले नेपाल सरकाले निर्धारण गरेको प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको आषाढ मसान्तसम्मको अवधिलाई सम्झनुपर्छ ।

छ. सार्वजनिक निर्माण कार्य भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था गैर सरकारी संस्था तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत तथा सम्भारको कार्य समेतलाई जनाउँछ ।



Scanned with OKEN Scanner

ज. निर्माण व्यवसायी भन्नाले यस कार्यविधि बमोजिम दर्ता भएका घ वर्गका निर्माण व्यवसाय संचालन गर्ने फर्म वा कम्पनी सम्झनुपर्छ ।

झ. इजाजतपत्र भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि यसै कार्यविधि बमोजिम दिइने इजाजतपत्र सम्झनु पर्छ ।

ञ. घ वर्गका निर्माण व्यवसायी व्यवसाय ईजाजत तथा नियमन सम्बन्धी २०७५ भन्नाले यस कार्यविधिलाई सम्झनु पर्छ ।

ट. संगठित संस्था भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

ठ. गैर सरकारी संस्था भन्नाले नेपाल सरकार वा प्रदेश सरकार तथा स्थानीय सरकारबाट स्वीकृत प्राप्त भएको संस्थालाई सम्झनु पर्छ ।

ड. प्राविधिक भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिपेक्षण गर्न नेपाल सरकार प्रदेश सरकार वा स्थानीय सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

ढ. गुणस्तर भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आह्वान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात ड्रइङ डिजाइन तथा स्पेशिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तर सम्झनु पर्छ ।

## परिच्छेद-२ नयाँ इजाजतपत्र सम्बन्धी व्यवस्था

३. इजाजतपत्रः (१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न गराउन नहुने

क. प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी घ वर्षको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

(२) सार्वजनिक निर्माण कार्य गर्न चाहने घ वर्गका निर्माण व्यवसायीले अनुसुचि-१ बमोजिमको ढाँचामा तोकिए बमोजिमको दस्तुर सहित सार्वजनिक निर्माण कार्य गर्न इजाजतपत्रको लागि गाउँपालिका समक्ष दरखास्त दिनु पर्नेछ ।

(३) उपदफा २ बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले त्यस्तो दरखास्त उपर सम्बन्धित शाखा हेर्ने कर्मचारीबाट पेश भएका आवश्यक कागजात सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरी प्रशासकीय अधिकृतले जाँचबुझ गरी इजाजत पत्र दिन उपयुक्त देखिएमा गाउँकार्यपालिका समक्ष सिफारिस गरिनेछ ।



Scanned with OKEN Scanner

(४) उपदफा ३ बमोजिम गाउँकार्यपालिकाबाट स्वीकृत भई आएको दरखास्तवालालाई गाउँपालिकाले अनूसुचि -२ वमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतवाट सिफारिस भई आएको वढीमा १५ दिन भित्र गाउँकार्यपालिकाको स्वीकृतिमा इजाजतपत्र वापत तोकिएको दस्तुर लिई इजाजतपत्र प्रदान गर्नेछ । त्यस्तो इजाजतपत्र अनुसूचि - ३ वमोजिमको ढाँचामा अभिलेख राखि/अद्यावधिक गराई राख्नुपर्नेछ ।

४. इजाजत पत्रको अवधि र नविकरण:

(१) कार्यविधिको दफा ३ वमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ६ वमोजिम खारेज भएको वा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा वाहेक चालु आर्थिक वर्षको चैत्र मसान्त सम्म मात्र मान्य रहनेछ ।इजाजतपत्र जुनसुकै मितिमा प्रदान गरेको भएता पनि सो आर्थिक वर्षको चैत्र मसान्तसम्ममा त्यस्तो इजाजतपत्रको अवधि समाप्त हुनेछ ।

(२) उपदफा (१) वमोजिम इजाजतपत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून वमोजिम सघं, प्रदेश र स्थानीय तहलाई तिर्नु पर्ने कर वापतको दायित्व चुक्ता गरेको प्रमाण स्वरुप संघ, प्रदेश तथा स्थानीय कर कार्यालयवाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित गाउँपालिकावाट स्वीकृत सोहि आर्थिक वर्षको आर्थिक ऐन वमोजिम वा यस कार्यविधिको अनुसुची २ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसुची - ४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी अनुसुची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुने छैन ।

(३) उपदफा (२) वमोजिमको म्याद नाघेको ६ (छ) महिना भित्र सवै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा गाउँपालिकाबाट स्वीकृत सोहि आर्थिक वर्षको आर्थिक ऐन वमोजिम वा यस कार्यविधिको अनुसुची - २ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गर्नु पर्नेछ ।

**स्पष्टिकरण** "यस दफाको प्रयोजनको लागि करचुक्ता प्रमाणपत्र भन्नाले उपदफा २ बमोजिमको अवधिमा नविकरण गर्न निवेदन पेश गरेमा म्याद समाप्त भएको आर्थिक वर्ष भन्दा अघिल्लो आर्थिक वर्षसम्मको करचुक्ता प्रमाणपत्रलाई जनाउछ भने उपदफा ३ वमोजिमको अवधिमा नविकरण गर्न निवेदन पेश गरेमा निवेदन पेश गरेको आर्थिक वर्षको पौष मसान्त भत्रसम्म म्याद समाप्त भएको



Scanned with OKEN Scanner

आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा कर समायोजनको पत्र वा करचुक्ताको लागि म्याद थपका लागि कर कार्यालयबाट जारी भएको पत्र सम्झनुपर्छ भने सो अवधि पश्चात नविकरणका लागि निवेदन पेश भएमा म्याद समाप्त भएको आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रलाई जनाउछ ।"

५. इजाजत पत्र प्रतिलिपि दिने व्यवस्था

कुनै निर्माण व्यबसायीले यस गाउँपालिकाबाट यसै कार्यविधि बमोजिम प्राप्त गरेको घ वर्गको निर्माण व्यवसायको इजाजत पत्र हराए वा नासिएको कारण बाट इजाजत पत्रको प्रतिलिपी पाउन निबेदन गरेमा अनुसुची २ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपि दिनु पर्नेछ ।

६. इजाजत पत्र खारेजी

१. देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यबसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ ।

क) झुट्टो विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणीत भएमा ।

ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुटो बिबरण पेश तथा तत् सम्बन्धी कागजात पेश गरी सम्बन्धित निकायवाट लेखि आएमा ।

ग) सार्वजनिक निकायसँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लघन भएको सम्बन्धित निकाय बाट लेखी आएमा ।

घ) गुणस्तरयुक्त कार्य नगरेको ठहरेमा ।

२. उपदफा १ बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण ब्यबसायीलाई स्पस्टिकरण पेश गर्न मनासिब माफिकको मौका दिइनेछ ।

३. दफा ३ को उपदफा उपदफा ४ बमोजिमको म्यादभित्र नविकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।-

४. उपदफा १ वा ३ बमोजिम इजाजत पत्र खारेज भएमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालय लाई दिनेछ ।

## परिच्छेद - ३ निर्माण व्यवसायीको दायित्व तथा आवश्यक योग्यता

७. निर्माण व्यवसायीको दायित्वः-

(१) ठेक्का सम्झौतामा उल्लिखित शर्तहरुको अधिनमा रहि सार्वजनिक निर्माण कार्य गर्नु निर्माण व्यवसायीको दायित्व हुनेछ ।

(२) निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण सम्पन्न गरेको निर्माण कार्यको एक प्रति विवरण अनिवार्य गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(३) घ वर्गको निर्माण व्यवसाय दर्ताको प्रयोजनको लागि आवश्यक योग्यता देहाय बमोजिम हुनेछ ।

क. प्राइभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटिमा एक लाख चालु पुँजि देखाई उद्योग विभागमा दर्ता भएको हुनुपर्नेछ ।

ख. कर कार्यालयमा दर्ता/कर चुक्ता भएको प्रमाणपत्र

ग. फर्मको नाममा नेपाल राष्ट्र बैङकबाट क श्रेणीको इजाजत प्राप्त वाणिज्य बैङकमा खाता खोली कम्तिमा रु. एक लाख रुपैया जम्मा भएको बैङक भौचरको सक्कल प्रति ।

घ. फर्मको मानविय जनशक्तिमा सब इन्जिनियर/इन्जिनियर एक जना लेखा सम्बन्धी काम गर्ने एक जना र प्रशासन सम्बन्धी काम गर्ने एक जना गरी जम्मा ३ जना कर्मचारीहरु हुनु पर्नेछ ।

(४) दफा ७ को उपदफा १ को घ बमोजिमका कर्मचारीहरुको शैक्षिक योग्यता र नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

(५) सम्बन्धित फर्ममा उपदफा ४ बमोजिम योग्यता भएका कर्मचारीहरुले सोहि फर्ममा पुर्ण समय प्रदान गर्ने करारनामा पत्रको प्रमाणित प्रति

(६) उपकरणको नामावली सहित विवरण पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्र सम्बन्धित निकायबाट प्रमाणित गरको कागजात सहित पेश गर्ने

(७) उपकरणहरु ठिक दुरुस्त अवस्थामा छन भनि कम्तिमा स्नातक तहको सम्बन्धित क्षेत्रको शैक्षिक योग्यता प्राप्त गरी नेपाल इन्जिनियरिङ काउन्सिलबाट सदस्यता प्राप्त गरेको मेकानिकल इन्जिनियरबाट प्रमाणित भएको प्रमाण पेश गर्नु पर्ने

(८) घ वर्गको निर्माण व्यवसाय दर्ता गर्नको लागि निवेदन पेश गर्ने निर्माण व्यवसायीको स्वामित्वमा देहाय बमोजिमका निर्माण उपकरण मध्ये कम्तिमा ३ वटा उपकरण आफ्नै स्वामित्व रहेको हुनुपर्नेछ ।

१. ट्याक्टर - कम्तिमा १ थान
२. ब्याक हो लोडर वा चेन एक्साभेटर - कम्तिमा १ थान
३. टिपर - कम्तिमा १ थान
४. लेभल मेशिन - कम्तिमा १ थान
५. मिक्सचर मेशिन - कम्तिमा १ थान
६. भाइब्रेटर मेशिन - कम्तमा १ थान
७. वाटर पम्प - कम्तिमा १ थान

८. टोटल स्टेशन मेशिन - कम्तिमा १ थान

(९) उपदफा ८ मा उल्लेख भए मध्ये निर्माण व्यवसायीको स्वामित्वमा रहेका उकरण मेशिनहरु यस कार्यालयमा नियमानुसार दर्ता भएको कम्तिमा २ वर्षसम्म बेचबिखन गर्न पाइने छैन साथै १५ वर्ष भन्दा बढी पुरानो मेशिनको हकमा दर्ता प्रक्रियामा गणना गरिने छैन ।

(१०) उपदफा ८ मा उल्लेख भएका उकरण/मेशिनहरु मध्ये देहाय बमोजिमका मेशिन उपकरणहरुको हकमा अनिवार्य बीमा गरीएको प्रमाण पेश गर्नु पर्नेछ ।

क. लेभल मेशिन

ख. वाटर पम्प

ग. भाइब्रेटर

घ. ब्याकहो लोडर वा चेन एक्साभेटर

ङ. ट्याक्टर

## परिच्छेद - ४ विविध

### इजाजतपत्रको नाम परिवर्तन नामसारी ठाउँसारी सम्बन्धी व्यवस्था

**८. इजाजतपत्रको नाम परिवर्तन सम्बन्धी व्यवस्थाः**

(१) कुनै निर्माण व्यवसायीले इजाजतपत्रको नाम परिवर्तन गर्न चाहेमा उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नाम परिवर्तन भएको प्रमाण सम्बन्धित वडा कर्यालयको सिफारिस सम्बन्धित व्यक्ति/प्रोपाइटरको निवेदन पेश गरेमा अनुसुचि २ बमोजिम वा सोहि वर्षको गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई इजाजत पत्रमा नाम परिवर्तन गर्न सकिनेछ ।

**९. इजाजतपत्रको नामसारी सम्बन्धी व्यवस्था**

(१) साविकमा दर्ता भएका इजाजत पत्र कुनै निर्माण व्यवसायीले नामसारी गर्नको लागि निवेदन पेश गरेमा उद्योग वा कम्पनीको दर्ता गर्ने कार्यालयबाट नामसारी भएको प्रमाणपत्र तथा सम्बन्धित वडा कर्यालयको सिफारिस, सम्बन्धित व्यक्ति/ प्रोपाइटरबाट बिक्री गरेको प्रमाण र लिनेदिनेको संयूक्त निवेदन सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी अनुसुचि २ बमोजिम वा सोहि वर्षको गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दस्तुर लिई इजाजत पत्रको स्वामित्व हस्तान्तरण हुने गरी नामसारी गर्न सकिनेछ ।

**१०. इजाजतपत्रको ठाउँसारी सम्बन्धी व्यवस्थाः-**



Scanned with OKEN Scanner

(१) कुनै इजाजत प्राप्त निर्माण व्यवसायीहरुले साविक इजाजत प्राप्त गरेको ठेगाना परिवर्तन गरी साविक ठेगाना रहेको स्थानीय तहबाट यस गाउँपालिका अन्तर्गत कार्यक्षेत्र कायम हुने गरी ठाउँसारी गर्न चाहेमा उद्योग वा कम्पनी दर्ता गर्ने कार्यालयबाट ठाउँसारी भएको प्रमाण साविक स्थानीय तहबाट नियमानुसार यस गाउँपालिकामा सो निर्माण व्यवसाय ठाउँसारी गरेको सिफारिसपत्र सहित प्रमुख प्रशासकीय अधिकृत निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम निवेदन उपर छानविन गरी प्रमुख प्रशासकीय अधिकृतले अनुसूचि २ बमोजिमको वा सोहि वर्षको गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई ठाउँसारी गरी यस गाउँपालिकामा अभिलेख कायम गरी दिन सक्नेछ ।

(३) यस गाउँपालिकामा नियमानुसार दर्ता/अभिलेख कायम भएका कुनै निर्माण व्यवसाय अन्य स्थानीय तहमा ठाउँसारी गर्न चाहेमा उद्योग वा कम्पनीबाट ठाउँसारी भएको प्रमाण सम्बन्धित वडाको सिफारिस नियम अनुसारको करचुक्ता गरेको प्रमाणपत्र ठेगाना सार्न चाहेको स्थानीय तह उल्लेख गरी सम्बन्धित व्यक्ति/प्रोपाइटरले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गरेमा अनुसुचि २ बमोजिमको वा सोहि वर्षको गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको दस्तुर लिई ठाउँसारीको सिफारिस दिन सकिनेछ ।

(४) उपदफा ३ बमोजिम ठाउँसारीको सिफारिस दिए पछि सोको लगत कट्टा समेत गरिनेछ ।

११. **थपघट हेरफेर वा संशोधनः-** कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१२. **बाधा अड्काउ फुकाउने अधिकारः-**

(१) यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँकार्यपालिकाको हुनेछ ।

(२) तर प्रचलित ऐन नियम र यो कार्यविधिको मुलभुत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकारको प्रयोग गर्न सकिने छैन ।

१३. **यसै बमोजिम भए गरेको मानिनेः-** यो कार्यविधि स्वीकृत हुनपुर्व गाउँ कार्यपालिकाको कार्यालयबाट घ वर्गका निर्माण व्यवसायी सम्बन्धी सम्पादन भएका सम्पुर्ण कार्यहरु यसै कार्यविधि अनुरुप भए गरेको मानेछ ।

१४. **प्रचलित कानुन बमोजिम हुनेः-** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।



Scanned with OKEN Scanner

अनुसुची १

कार्यविधिको दफा २ को उपदफा १ सग सम्बन्धित

इजाजत पत्रको लागी दिइने दरखास्त

मितिः ..............।.....।.....

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,

आठराई त्रिवेणी गाउँपालिका ।

विषयः इजाजत पत्र पाउ भन्ने बारे ।

प्रस्तुत विषयमा आठराई त्रिवेणी गाउँपालिकाको घ वर्गको निर्माण ब्यबसायी इजाजत पत्र सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम सार्वजानिक निर्माण कार्य गर्नका लागी इजाजत पत्र पाउन निम्न विवरण भरि यो दरखास्त पेश गरिएको छ ।

१. कम्पनीको बिबरण :

नामः ठेगानाः

इमेलः मोबाइलः

२. कम्पनीको प्रकृतिः

........................प्राइभेट लि. ........................पब्लिक लि.

३. सम्पर्कको लागी आधिकारिक व्यक्तिको :

नामः ठेगानाः इमेलः

५. कम्पनीको बिबरणः

दर्ता नं.: अधिकृत पुजीः दर्ता मितिः जारी पुजीः

दर्ता गर्ने कार्यलयको नाम र ठेगानाः

६. इजाजत पत्र लिन चाहेको बर्गः

७. सहहिकरण हुन चाहेको समुहः

८. आर्थिक श्रोत बिबरणः

| | रकम | वित्तिय सस्था वा बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दति खाता | | |
| चल्ति खाता | | |
| बचत खाता | | |

Scanned with OKEN Scanner

९. कामदारको बिबरण:

क) प्राबिधिक

ख) अप्राबिधिक:

ग) अन्य:

१०. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धि सावारी साधन मेसिनरी औजारको विवरण:

| सि.न. | नाम तथा बिबरण | दर्ता नं. | क्षमता सं. | मुल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

११. यस अघि सम्पन्न गरेको कामको बिबरण:

| सि.न. | निर्माण सम्बन्धि कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था प्रतिशतमा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

१२. कर चुक्ता गरेको कागजात:

क)

ख)

ग)

यस दरखास्त फारममा उल्लेखित सम्पुर्ण बिबरण ठिक छ साचो छ । झट्ठो ठहरे कानुन वमोजिम सहुला बुझाउला ।

निर्माण ब्यबसायको छाप: दस्तखत: मिति:

प्राविधिक कर्मचारी को certificate को प्रतिलिपि तथा निजको मंजुरी नामा पेश गर्नु पर्नेछ ।



Scanned with OKEN Scanner

अनुसुची - २

कार्यविधि को दफा २ को उपदफा १ र ३ को उपदफा ३ सग सम्बन्धित

| क्र.स. | निर्माण व्यवसायीको वर्ग | इजाजत पत्र दस्तुर | इजाजत पत्र नविकरण दस्तुर | | | इजाजत पत्र प्रतिलिपि दस्तुर | इजाजतपत्रमा कम्पनीको वा प्रोपाइटरको नाम परिवर्तन दस्तुर | इजाजतपत्र नामसारी दस्तुर | इजाजतपत्र ठाउसारी सिफारिस दस्तुर |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण १ देखि असोज मशान्तसम्म | कार्तिक १ देखि चैत्र मशान्तसम्म | चैत्र मसान्त भित्रमा नविकरण नभएका इजाजतपत्र स्वत खारेज हुनेछ । | | | | |
| १ | घ | २०००० | ३००० | ५००० | | २००० | २००० | २००० | २००० |

Scanned with OKEN Scanner

अनुसची ३

कार्यविधि को दफा २ को उपदफा १ र उपदफा ३ संग सम्धन्धित

इजाजत पत्रको नमुना

आठराई त्रिवेणी गाउँ पालिका

गाउँ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ

१ नं. प्रदेश नेपाल

मितिः

इजाजत पत्र नं.:

आठराई त्रिवेणी गाउँपालिकाको घ बर्गका निर्माण व्यबसायी इजाजत पत्र सम्बन्धी कार्यबिधि २०७५ को दफा २ को उपदफा ३ बमोजिम निर्माण व्यवसाय गर्न ................स्थित कार्यालय भएको ..................................फर्म वा कम्पनिलाई इजाजत पत्र प्रदान गरिएको छ ।

इजाजत पत्र दिनेको:

दस्तखतः

नामः

पदः

मितिः

वृत्तमा निर्माण व्यवसायीको वर्ग लेखुहोस ।

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल गरेको अवधि | नविकरण दस्तुर भौचर नं र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

अनुसुची -४

## निर्माण ब्यबसायी बाट भएका सार्वजानिक निर्माण कार्यको अभिलेख बिबरण (पास बुक)

| क्र.स. | आयोजनाको नाम | सयुक्त उपकरण को नाम (यदी भएमा) | शेयर | ठेक्का बिबरण | सार्वजनिक निकायको तर्फ बाट हस्ताक्षर | समय अवधि थप भएमा | Variation को बिबरण | प्रगति बिबरण | ठेक्का सम्पन्न मिति र बिबरण |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १.ठेक्का रकम | नाम: | थप समय: | १. variation पछिको contact amount | सम्पन्न रकम | अन्तिम ठेक्का रकम: |
| | | | | | | नाम: | | सम्पन्न मिति | |
| | | | | २.सम्झौता मिति | पद: | पद: | १.Variation को निर्णय गर्ने पदाधिकारि को नाम | | सम्पन्न मिति |
| | | | | | हस्ताक्षर | हस्ताक्षर: | | सम्पन्न % | |
| | | | | ३.ठेक्का अवधि | | | पद: | नाम: | नाम: |
| | | | | | छाप | निर्णय मिति: | हस्ताक्षर: | | पद: |
| | | | | | | | मिति:<br>छाप: | पद:<br>हस्ताक्षर:<br>छाप: | हस्ताक्षर<br>छाप: |



Scanned with OKEN Scanner